"कृषि विकास र भौतिक पूर्वाधारको लहर, रतुवामाई नगरपालिकालाई समृद्ध बनाउन हाम्रो रहर"

# रतुवामाई नगरपालिका
RATUWAMAI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

प.सं.: २०८२/०८३
Letter No.:
च.नं.: १६९४
Dispatch No.:

सिजुवा, मोरङ
Sijuwa, Morang,

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

## मिनि कोल्ड स्टोर सञ्चालनका लागि १५ दिने प्रस्ताव आह्वानको सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०८२/१२/०३

रतुवामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र प्रदेश सरकारको साझेदारीमा रतुवामाई-४ झुर्किया बजार (वडा कार्यालय संगै रहेको) स्थित निर्माण भएको ७० मेट्रिक टन क्षमताको मिनी कोल्ड स्टोर "रतुवामाई नगरपालिकाको कोल्ड स्टोर संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०" बमोजिम संचालन गर्नु पर्ने भएको हुँदा रतुवामाई नगरपालिका अन्तर्गतका इच्छुक र योगयता पुगेका कृषि सहकारीहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएका कागजातहरू सहित यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

१. प्रस्तावका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
- संस्था/कृषि सहकारी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- नविकरण भएको प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- संस्थाको विधान र विनियमको प्रतिलिपि,
- आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
- कोल्ड स्टोर संचालन र व्यवस्थापन सम्बन्धी विस्तृत प्रस्तावना
- संचालक समितिको निर्णय र
- अन्य आवश्यक कागजातहरु ।

२. शर्तहरुः
- संचालन विधिः कोल्ड स्टोर संचालन गर्दा संचालन र व्यवस्थापन खर्च कटाई भएको मुनाफाको ६० प्रतिशत सहकारीले र ४० प्रतिशत नगरपालिकाको राजस्व खातामा नियमित जम्मा गर्नुपर्नेछ ।
- शुल्क निर्धारणः शूल्क सम्बन्धी विवरण यसै सूचना साथ अनुसूची-१ मा राखिएको छ ।
- भण्डारण हुने वस्तुः नगरपालिका क्षेत्र भित्रका कृषकहरूले उत्पादन गरेका फलफूल, तरकारी र आलु लगायतका मासुजन्य पदार्थ बाहेकका वस्तुहरूको भण्डारण गर्नुपर्नेछ ।
- अनुगमनः कोल्ड स्टोर संचालन र व्यवस्थापनको नगरपालिकाको अनुगमन समितिले समय-समयमा अनुगमन गर्नेछ।
- अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

३. प्रस्ताव बुझाउने स्थान र अन्तिम मितिः
- स्थानः रतुवामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि शाखा ।
- अन्तिम मितिः सूचना प्रकाशित भएको १५ औं दिन (मिति २०८२/१२/१८) (सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)

थप जानकारीका लागि नगरपालिकाको कृषि शाखा वा आधिकारिक वेबसाइटमा सम्पर्क गर्न सकिनेछ ।

२०८२/१२/०२

डम्मरु बल्लभ वराल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## अनुसूची-१

## मूल्य सूची

मिनिकोल्डस्टोर सञ्चालनका लागि "रतवुमाई नगरपालिकाको कोल्ड स्टोर संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०" बमोजिम देहाय बमोजिम शूल्क निर्धारण गरिएको छ ।

क) आलु भण्डारण गर्न ६ महिनाको रु.६ रुपैया प्रति के.जि. ६ महिना भन्दा वढीको हकमा प्रति महिना रु.१ प्रति के.जि. शुल्क थप लाग्ने छ।

ख) फलफूल तथा  तरकारीको हकमा प्रति के.जि. रु.२.५० रुपैया शुल्क प्रति महिना लाग्ने छ र न्युनतम अवधि एक महिनाको रहने छ । एक पटक  राखी फेरी सोही समान राख्न परे पुनः नयाँ शुल्क लाग्नेछ ।

ग) सामान राखेको मितिले महिनाको अन्तिम दिनको रातको १२:०० वजे सम्म एक महिना कायम रहनेछ सो भन्दा बढी समय गुज्रेमा अर्को महिनाको थप शुल्क लाग्ने भने महिना दिन नपुगी निकालेमा पनि महिना दिनकै पूर्ण शुल्क लाग्ने छ।

घ) सामान राख्दा वा निकाल्दा लाग्ने श्रमिक समान धनी स्वयमले व्यावस्था गर्नु पर्ने छ।

ङ) क्रेट तथा काटुनको हकमा सामान कम भए पनि क्रेटको क्षमता अनुसार शुल्क लाग्ने छ । उदाहरणको लागि २० के.जी.को क्रेटको हकमा रु. ४० र १० के.जी.को क्रेटको हकमा २० रुपैया लाग्ने व्यवस्था हुनेछ। त्यस्तै अन्य परिमाणको क्रेट तथा काटुनले ठुलो परिमाणकै स्थान ओगट्ने भएको हुँदा क्रेटको क्षमता अनुसार पूरा परिमाणको शुल्क लाग्नेछ।

च) सामान  राख्दा सर्वप्रथम विल काउन्टरमा लाग्ने शुल्क बुझाई सकेपछि राख्नु पर्ने छ भने सामान निकाल्दा काउन्टरमा गई विल देखाई बाँकी रकम बुझाई सके पछि मात्र सामान निकाल्न सकिने छ।

छ) उल्लेख नभएको अन्य सामानको हकमा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

रतुवामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
कोशी प्रदेश, नेपाल
स्था:२०७३